नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
("A" class Institution licensed by Nepal Rastra Bank)

30 Years of Banking Service 1986-2016

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

मिति :२०७६/०२/२२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
भद्रकाली, यु एन आई शान्ती मार्ग
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

विषयः विशेष साधारण सभा बारे ।

महाशय,

उपरोक्त सम्बन्धमा श्री जेबिल्स फाईनान्स लि. लाई यस बैंकले प्राप्त गर्ने सम्बन्धमा यस बैंकको विशेष साधारण सभा यहि मिति २०७६/०३/०६ गते गर्ने गरी यस बैंकको सञ्चालक समितिको मिति २०७६/०२/२० मा दिनको ५ बजे बसेको ५११ औं बैठकबाट निर्णय भएको र सो प्रयोजनको लागी उक्त विशेष साधारण सभा सम्बन्धमा मिति २०७६/०२/२२ गतेको अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको १ प्रति यसै पत्रसाथ संलग्न गरी सो सम्बन्धि निम्न विवरणहरु समेत तहाँको जानकारीको लागी अनुरोध गर्दछु ।

नगद लाभांस प्रतिशत : नभएको
बोनस शेयर प्रतिशत : नभएको
हकप्रद शेयर प्रतिशत : नभएको
शेयर दाखिल खारेज मिति (Book Close Date) : २०७६ साल जेष्ठ २९ गते देखि विशेष साधारणसभा सम्पन्न नभएसम्म ।
हालको चुक्ता पूँजी : रु १२,५८,९९,०७,२००/-
विशेष साधारण सभाको मिति : शुक्रबार, अषाढ ०६ गते, २०७६ साल (जुन २१, २०१९)

भवदिय,

सुधीरमान श्रेष्ठ
कम्पनी सचिव

बोधार्थ
१. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, शेयर मार्केट कमर्सियल कम्पलेक्स, पुतलीसडक, काठमाण्डौं ।

ICRA NEPAL [ICRANP-IR]A+
The Banker Bank of the Year 2003 Nepal
The Banker Bank of the Year 2005 Nepal
The Banker Bank of the Year 2008 NEPAL
The Banker Bank of the Year 2010 NEPAL
The Banker Bank of the Year 2016 NEPAL
Truly a Nepali Bank

Durbar Marg: P.O. Box: 3412, Kathmandu, Nepal. Tel: 4228229, 4242530 (DISA), Fax: 4226349, 4228927 Website: www.nibl.com.np

# विशेष साधारण सभाको सूचना

यस बैंकको मिति २०७६/०२/२० मा बसेको सञ्चालक समितिको ५११औं बैठकको निर्णयअनुसार यस बैंकको विशेष साधारण सभा निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : शुक्रबार, आषाढ ०६ गते, २०७६ साल (जुन २१, २०१९)
समय : बिहान १०:०० बजे ।
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादि, काठमाडौं ।

**छलफलको विषय**

**क. विशेष प्रस्ताव**

१. नेपाल इन्भेष्टमेण्ट बैंक लि.ले जेबिल्स फाईनान्स लि.लाई प्राप्ती (एक्विजिशन) गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।
२. नेपाल इन्भेष्टमेण्ट बैंक लि.ले जेबिल्स फाईनान्स लि.लाई प्राप्ती (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता जे बि राजभण्डारी एण्ड डिबिनस (J.B. Rajbhadary & DiBins) चार्टर्ड एकाउन्टेण्टस्का श्री किरण डंगोलज्यूले तयार गर्नु भएको जेबिल्स फाईनान्स लि.को चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit (DDA)] तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको जेबिल्स फाईनान्स लि.को शेयरको मूल्य पारित गरि प्राप्ती (एक्विजिशन) गर्ने कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
३. नेपाल इन्भेष्टमेण्ट बैंक लि.ले जेबिल्स फाईनान्स लि.लाई प्राप्ती (एक्विजिशन) गर्ने सम्बन्धी अन्तिम सम्झौतापत्र तथा अन्य भए गरेका सम्झौताहरुको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
४. नेपाल इन्भेष्टमेण्ट बैंक लि.ले जेबिल्स फाईनान्स लि.लाई प्राप्ती (एक्विजिशन) गर्ने प्रयोजनको लागि जेबिल्स फाईनान्स लि.को चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit (DDA)] गर्न नियुक्त गरेका लेखापरीक्षक/मूल्याङ्कनकर्ताको नियुक्ती तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।
५. नेपाल इन्भेष्टमेण्ट बैंक लि.ले जेबिल्स फाईनान्स लि.लाई प्राप्ती (एक्विजिशन) गर्ने प्रयोजनको लागि भएको सम्झौता बमोजिम सो को आवश्यक स्वीकृतीको लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र प्राप्तीसँग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, प्राप्ती कार्य सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
६. नेपाल इन्भेष्टमेण्ट बैंक लि.ले जेबिल्स फाईनान्स लि.लाई प्राप्ती (एक्विजिशन) गरे पश्चात् बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने हुँदा सोहि मुताबिक बैंकको प्रबन्धपत्रको दफा ५(ख) र (ग) मा संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
७. नेपाल इन्भेष्टमेण्ट बैंक लि.ले जेबिल्स फाईनान्स लि.लाई प्राप्ती (एक्विजिशन) गरे पश्चात् बैंकको संस्थापक तथा सर्वसाधारण शेयरको स्वामित्व प्रतिशत समेत फेरबदल हुने हुँदा बैंकको प्रबन्धपत्रको दफा ५ (ङ) मा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
८. नियमावलीको नियम ११(२) पछि ११(३) थप गरी "स्थानीय, प्रादेशिक वा संघीय तहको पदाधिकारीमा निर्वाचित व्यक्तिहरु त्यस्ता पदमा बहाल रहन्जेल सञ्चालक समितिमा प्रतिनिधित्व गर्न पाउने छैनन्" भन्ने विशेष प्रस्ताव पारित गर्ने ।
९. प्रबन्धपत्र तथा नियमावलीमा गर्नु पर्ने उपरोक्त संशोधनहरुमा नियमनकारी निकायहरुले फेरबदल गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नुपर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

**ख. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**